**नेपाल सरकार**
**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**

# स्वास्थ्य सेवा विभाग

**टेकु, काठमाडौं**

## असुल उपर गर्नुपर्ने बेरुजु रकम दाखिला सम्बन्धी सूचना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को **नियम ९०** बमोजिम लेखापरीक्षणबाट **असुल उपर गर्नु पर्ने** भनी कायम भएको बेरुजुका सम्बन्धमा सम्बन्धित व्यक्ति वा संस्थालाई **२१ (एक्काइस) दिन भित्र बेरुजु रकम दाखिला गर्ने लिखित जानकारी गराउनु पर्ने** कानुनी व्यवस्था रहेको छ।सोही व्यवस्था बमोजिम आर्थिक वर्ष **२०६०/६१ देखि आर्थिक वर्ष २०८१/८२**सम्म लेखापरीक्षणबाट असुल उपर गर्नु पर्ने भनी कायम भएका बेरुजु रकम दाखिला गर्न सम्बन्धित व्यक्ति वा संस्थालाई यस विभागबाट पटक पटक लिखित तथा मौखिक रूपमा जानकारी गराइएको थियो। उक्त जानकारीका आधारमा धेरै व्यक्ति वा संस्थाले बेरुजु रकम दाखिला गरी बेरुजु फछ्र्यौट गरिसक्नु भएको छ।

हालसम्म पनि केही व्यक्ति वा संस्थाबाट असुल उपर गर्नुपर्ने भनी कायम भएको बेरुजु रकम दाखिला हुन बाँकी रहेको देखिएको छ। साथै कतिपय सम्बन्धित व्यक्ति वा संस्थाबाट (क) बेरुजुको जानकारी प्राप्त नभएको, (ख) पत्राचार गर्दा ठेगाना फेला नपरेको, (ग) पत्र बुझ्न अस्वीकार गरिएको (घ) लेखापरीक्षणबाट असुल उपर कायम गरिएता पनि आफूबाट असुल उपर हुनु नपर्ने कानुनी आधार रहेको जस्ता विषयहरू समेत उठाइएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।यस विभागको लगतमा रहेका असुल उपर गर्नुपर्ने बेरुजुको व्यक्ति र सस्थाको फरक फरक **नामावली, रकम तथा अन्य विस्तृत विवरण** तथा बेरुजु रकम दाखिला गर्ने प्रक्रिया यस विभाग मागहतका सबै महाशाखा/शाखा तथा तालुक मन्त्रालयमा समेत पठाइएको छ । तत्कालिन अवस्थामा आफू कार्यरत महाशाखा शाखा वा तालुक मन्त्रालयममा बुझि वा यस विभागको आर्थिक प्रशासन शाखामा बुझि आफ्नो नाममा असूल उपर गर्ने बेरुजु भए नभएको थाहा पाउन सकिने गरि व्यवस्था गरिएको छ । केहि समय पछि उक्त बेरुजु लगत नाम नामेसी सहित website तथा पत्रिकामा समेत प्रकाशन गरिने छ ।

बेरुजुको लगतमा कुनै त्रुटि देखिएमा, बेरुजु रकम यसअघि नै दाखिला गरिसकेको भए तापनि लगत कट्टा हुन बाँकी रहेको कारण बेरुजु कायम रहेको देखिएमा वा असुल उपर कायम नहुनु पर्ने कुनै कानुनी आधार, अदालत वा सम्बन्धित निकायको निर्णय वा वेरुजु सम्वन्धित मुल्य अभिवृद्धि कर समायोजन पत्र वा अन्य प्रमाण भएमा सो सम्बन्धी प्रमाण कागजात सहित यस विभागको**आर्थिक प्रशासन शाखा**मा २१ दिन भित्र लिखित जानकारी गराउनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। बेरुजुको लगत तयार गर्ने क्रममा कुनै नाम थर, रकम कलम वा अन्य विवरणमा प्राविधिक त्रुटि हुन गएको पाइएमा विभागको आधिकारिक अभिलेख तथा लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित विवरण नै अन्तिम प्रमाण भएकोले सोही अनुसार संशोधन र भुल सुधार गरिने छ।

तत्काल बेरुजु रकम दाखिला गर्न नसकिने विशेष कारण भएमा**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९० को उपनियम (२)** बमोजिम म्याद थपका लागि कारण सहित निवेदन पेश गर्न सकिने छ।निर्धारित अवधिभित्र बेरुजु रकम दाखिला नगरेमा वा म्याद थपका लागि निवेदन समेत प्राप्त नभएमा **नियम ९० को उपनियम (३)** बमोजिम सम्बन्धित

व्यक्ति वा संस्थाले यस विभागबाट पाउने धरौटि लगायत जुनसुकै भुक्तानीबाट कट्टा गरी असुल उपर गरिने छ । यस विभागबाट पाउने कुनै भुक्तानी नदेखिएमा अरु सरकारी निकायबाट भुक्तानी पाउने रहेछ भने असुल उपरको लागि कायम वेरुजु रकम कट्टा गरी पठाउन सम्बन्धित सरकारी निकायलाई अनुरोध समेत गरिनेछ।उल्लेखित प्रकृया अनुसार समेत असुल उपर हुन नसकेको र **तीन वर्षभन्दा पुरानो** असुल उपर गर्नुपर्ने बेरुजुको हकमा ऐ नियमावलीको **नियम ९० को उपनियम (५)** बमोजिम पुनः**३५ (पैँतीस) दिने सार्वजनिक सूचना** प्रकाशित गरी प्रचलित कानून अनुसार लगतकस्न **श्री कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय**मा पठाउन प्रकृया शुरु गरिने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**<u>तपसिल</u>**

**बेरुजु रकम दाखिला गर्ने तरिका:**

1. वेबसाइट : https://revenue.fcgo.gov.np
2. संघीय सरकार / काठमाडौं / स्वास्थ्य सेवा विभाग छान्ने,
3. विभागको कोर्ड नं. : ३७००१३५०१,
4. राजस्व शिर्षक नं. : १५१११ (राजश्व सँग सम्बन्धित बेरुजु राजश्व शिर्षकमै दाखिला गर्नुपर्ने)।
5. दाखिला गर्नेको नाम, रकम र आ.व. बमोजिमको बेरुजु ब्यहोरा स्पष्ट खुलाउने,
6. **Connect IPS, E-sewa** / रा.वा. बैंक लगायतबाट भुक्तानी गर्न सकिने ।
7. केहि द्विविधा भएमा विभागको इमेल **www.finance@dohs.gov.np** वा सम्बन्धित महाशाखा/शाखा वा आर्थिक प्रशासन शाखामा सम्पर्क गरि वेरुजु एकिन गर्न सकिने छ ।